**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०७३।०८।०८ गते

# प्रेस विज्ञप्ति

विषय : आरोपपत्र दायर गरिएको

-----------------------------------

सिँचाई बिकास डिभिजन कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा कार्यरत सब-ईन्जिनियर संजय कुमार यादवले घुमखहरे खरायोचौर सिँचाई योजना सुर्खेतको कार्य सम्पन्न भई बिल फरफारक गरी चेक भुक्तानी दिने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटी गएको टोलीले निज सब-ईन्जिनियर संजय कुमार यादवलाई रु.९७,०००/-(सन्तानब्बे हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज संजय कुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रसेवक संजय कुमार यादव लाई रु.९७,०००/-(सन्तानब्बे हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी